CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो बद्री केदार यात्रा

केदारनाथको मूलद्वार

मन्दाकिनी सलिलचन्दनचर्चिताय नन्दीश्वरप्रमथनाथमहेश्वराय ।
मन्दारपुष्पबहुपुष्पसुपूजिताय तस्मै 'म' काराय नमः शिवाय ।।

– शिवपञ्चाक्षरस्तोत्रबाट

– हेमराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो बद्री केदार यात्रा



लेखक

हेमराज ज्ञवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशिका : श्रीमती लक्ष्मी ज्ञवाली
बौद्ध, महांकाल, काठमाडौं

प्रकाशन तिथि : विवाह पञ्चमी, २०४८ मार्ग

प्रथम संस्करण : ५०० प्रति

सर्वाधिकार : प्रकाशकमा ।

मूल्य : श्रद्धा

२०४८

मुद्रक : शारदा प्रेस, केलटोल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत पुस्तिकाबारे हाम्रो भनु

प्रस्तुत 'हाम्रो बद्री केदार यात्रा' पुस्तिका हामीले २०४६ साल भदौमा गरेको बद्री केदारनाथ यात्राको संस्मरणार्थ पद्यमा लेखिएको यात्रा संस्मरण पुस्तिका हो। हामी निम्नलिखित १५ जना व्यक्तिहरू काठमाडौं, भैरहवा, पाल्पा, वर्दिया र बनारसबाट गरी २०४६ साल भदौ १२ गते बनारसमा जम्मा भै त्यहाँबाट यात्रा प्रारम्भ गरी भदौ २४ गते बद्री केदार यात्रा पूरा गरी हरिद्वार फर्केर त्यहाँ तीर्थ होम सम्पन्न गरी भदौ २७ गते आ-आफ्नो घर फर्किएसम्मको यात्रा विवरण सकभर विस्तृत रूपमा पुस्तिकामा बयान गरिएको छ। शुरूमा हरिद्वारबाट बद्री केदारको लागि यात्रा प्रारम्भ गर्दा गंगोत्तरी र जमुनोत्तरी पनि जाने गरी बस रिजर्भ गरेका थियौं। पछि यात्रामा केही दिन बढी लागेको र सहयात्रीमध्ये कोही अलि अस्वस्थ पनि रहनु भएकाले गंगोत्तरी र जमुनोत्तरी जाने कार्यक्रम छोट्याउनु परेको थियो। यस यात्रा वर्णन पुस्तिका छपाई प्रकाशित गर्नुको उद्देश्य पाठकहरूमा बद्री केदार यात्राको प्रवृत्ति बढोस् र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्य लाभ होस् भन्ने यौटा हो भने अर्को हाम्रो नेपालका तीर्थ हरूलाई पनि व्यवस्थित ढंगले विकास गर्न श्री ५ को सरकारका सम्बद्ध व्यक्तिहरूमा प्रेरणा बढोस् भन्ने हो। यस उद्देश्य प्राप्तिमा प्रस्तुत पुस्तकले कति सघाउन सक्ला ? यसै भन्न सकिन्न। ईश्वरीय प्रेरणाले गरिएको यो यौटा स्यानो सत्कार्य मात्र हो भन्ने संझेको छु। यात्राक्रममा हामी प्रायः गढवाल विकास निगमका अतिथि गृहमा खाने बस्ने गरेका थियौं। त्यहाँ प्रायः यौटा पोष्टर हुन्थ्यो, जस्मा लेखिएको हुन्थ्यो– "मुस्कुराइए कि आप गढवाल में है।" हुन पनि गढवाल क्षेत्रमा यात्राक्रममा कतै कसैबाट अपशब्द र दुर्व्यवहारको हामीलाई अनुभव भएन र कसैको केही सामान हराएन पनि। यात्राका हरेक चरण हाम्रो स्मृतिपटलमा सधैं ताजा मीठो संझनाका रूपमा छन् र रहिरहने छन्।

सहयात्रीहरूको नाम र ठेगाना

१. श्री मोहन प्रसाद वासकोटा	कमलपोखरी,	काठमाडौं
२. श्रीमती कमला वासकोटा	"	"
३. श्री केशव उपाध्याय	गौरीघाट,	"
४. श्री हेमराज झवाली	बौद्ध,	महांकाल, "
५. श्रीमती लक्ष्मी झवाली	"	"
६. श्री पुरुषोत्तम घिमिरे	जहदा,	भलुवारी, रूपन्देही
७. श्रीमती तीर्थकुमारी घिमिरे	"	"
८. श्री रेवती रमण आचार्य	पाल्पा,	तानसेन
९. श्रीमती पोष्टकुमारी आचार्य	"	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०. श्री भुवनेश्वर उपाध्याय लक्ष्मना, डेउडाहाकला, वर्दिया
११. श्रीमती धनकुमारी उपाध्याय " " "
१२. श्री दीनानाथ ज्ञवालो " " "
१३. श्रीमती राधा ज्ञवाली " " "
१४. श्री सत्यनारायण गिरी दशाश्वमेध घाट, वाराणसी
१५. श्रीमती चमेली देवी गिरी " "

अस्तु !

०४८ मार्ग

विनीत
हेमराज ज्ञवाली
च २–३९६, वौद्ध, महांकाल
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो बद्री केदार यात्रा

बद्री केदारको तीर्थ गर्ने इच्छा लिईकन ।।
काठमाडौं, तानसेन, भैरहवा अनि बर्दिया ।।१।।
सम्मबाट भयौं जम्मा नेपालगंजमा मिल्यौं ।।
हिंड्यौं हामी त्यहाँबाट छयालीस् साल भाद्रको ।।२।।
अपराह्न दश गते पस्यौं भारत देशमा ।।
पहिलो वास् अयोध्या भो त्यहाँको रामपैडीमा ।।३।।
अर्कोदिन नुहाएर हनुमान गढी गई ।।
गर्‍यौं दर्शन भक्तिले, मारुतिको प्रसन्न भै ।।४।।
जन्मस्थान पुग्यौं त्याहाँ सिपाहीहरू देखिए ।।
कनक् भवनमा गई रामदर्बार दर्शन ।।५।।
अयोध्यामा चढी रेल दोस्रो दिन बनारस ।।
सुख दुःख परेकोमा नेपाली काशी संझने ।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याध्ययनमा काशी स्नानमा काशी संज्ञने ।।
बिरामी परदा काशी मर्नका लागि काशी नै ।।६।।

मरेपछि पनि काशी कुनै तीर्थ अघि पछि ।।
काशीबाट शुरु गर्ने अन्तमा काशीधामनै ।।८।।

यस्तो हाम्रो काशी प्यारो त्याहाँ पुग्दा सबै खुसी ।।
गंगास्नान गर्यौं त्याहाँ दशाश्वमेध घाटमा ।।९।।

विश्वनाथ अन्नपूर्णा गर्यौं दर्शन भक्तिले ।।
तेस्रो दिन त्यहाँबाट हिंड्यौं रेल चढीकन ।।१०।।

चौथो दिन हरिद्वार पुग्यौं उत्साहपूर्वक ।।
हिमालबाट निक्लेर घुम्दै भागीरथी यहाँ ।।११।।

मैदान निक्लने ठाउँ हरिद्वार भनी चिन ।।
महात्म्य यसको ठूलो हेर्ने ठाउँ अनेक छन् ।।१२।।

यहाँ गंगा स्नान गर्दा अनेक पाप कट्टछन् ।।
हरकी पैडी भनिने ब्रह्मकुण्ड नुहाउनु ।।१३।।

कुशावर्त घाटमहाँ गरनु श्राद्धतर्पण ।।
दक्षेश्वर महादेव सतीकुण्ड पुगीकन ।।१४।।

कनखल्मा भक्तिसाथ गरनु देववन्दन ।।
मंसादेवी, भीमगोडा, भोलागिरीहरू पनि ।।१५।।

Nepal Sanskrit University, Balmiki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्न लायक छन् ठाउँ तीर्थ हुन् हरिद्वारका ।।
गंगास्नान गर्‍यौं त्याहाँ हरकी पैडीमा गई ।।१६।।

नेपालपण्डा बोलाई कुशावर्त गईकन ।।
शास्त्रोक्त विधिले त्याहाँ गरियो श्राद्धतर्पण ।।१७।।

कनरवल्मा सतीकुण्ड दक्षेश्वर् गरी दर्शन ।।
वन्दोवस्त गर्‍यौं बस्को चारैधाम पुगौं भनी ।।१८।।

केदार, वद्री, गंगोत्री, चौथो हो जमुनोत्तरी ।।
इनैलाई त्यहाँ भन्छन् 'चारधाम' भनीकन ।।१९।।

बिरामी हुनु भाको थ्यो हामीमध्ये दुईजना ।।
औषधी परनासाथ निको हुन गयो तर ।।२०।।

भदौ सोह्र गते हामी त्यहाँबाट अघि भद्र्यौं ।।
देवप्रयाग पुगियो राति बास बस्यौं त्यहाँ ।।२१।।

अतिथिगृहमा हामी गढवाल विकास्निगम् ।।
त्यसैको पाकशालामा खाना स्वादिष्ट भेटियो ।।२२।।

गंगा–अलकनन्दाको संगमस्थललाई नै ।।
देवप्रयाग भनिने ठूलो तीर्थ रहेछ त्यो ।।२३।।

नुहायौं हामी सबले सङ्गम स्थलमा गई ।।
नेपाल पण्डा बोलाई गरियो श्राद्ध तर्पण ।।२४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामी हिंड्यौं त्यहाँबाट खाई खाना बजारमा ।।
बाटो अलकनन्दाको किनारा पक्किईकन ।।२५।।

रुद्रप्रयागपर्यन्त सोझै पूर्व हिंड्यो बस ।।
नेपालनै हिंडे जस्तो दृश्य हेरी रमाउँदै ।।२६।।

रुद्रप्रयाग भन्नाले त्यहाँ सङ्गम बन्दछ ।।
मन्दाकिनी–अलकनन्दा दुवै गंगा मिलीकन ।।२७।।

त्यहाँदेखि लागि उत्तर् पुग्यौं सोनप्रयागमा ।।
भदौ सत्र गते राति निगन् कै पालमा बस्यौं ।।३८।।

मन्दाकिनी सोनगंगा संगमस्थललाई नै ।।
सोनप्रयाग भनिने त्यताँ गई कुरा बुझ्यौं ।।२९।।

बाटोमा गुप्तकाशी छ यहाँ छ शिवमन्दिर ।।
केदारनाथका पण्डाहरूको घर पर्दछ ।।३०।।

सोनप्रयाग नजिकै छन् त्रियुगी नारायण ।।
जलकुण्ड अग्निकुण्ड ठूलो छ विष्णुमन्दिर ।।३१।।

मन्दिर भित्र अंध्यारो छ बत्ती ली जानु पर्दछ ।।
भन्दथे सबले हामी पुगेनौं त्यस ठाउँमा ।।३२।।

सोनप्रयागको बाटो गौरीकुण्ड पुगीकन ।।
त्यहाँ तातो जलमहाँ नुहायौं सबले मिली ।।३३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोड्यौं बस त्यहाँबाट केदारनाथमन्दिर ।।
ठाडो उकालो चढ्नु छ पर्छ चौध किलोमिटर् ।।३४।।

कसैलाई उलीऊकाठ नेपालीहरू बोकने ।।
घोडा खोज्यौं कसैलाई अरू पैदल तत्पर ।।३५।।

आधा सामान ता छाड्यौं त्यहाँ लकर भित्र नै ।।
लाग्यौं उकालो भोकै नै बिहान नौ बजेतिर ।।३६।।

रामवाडा पुग्यौ होला हामी वाह्र बजेतिर ।।
पदयात्रीहरूलाई पर्खियौं लिइ भोजन ।।३७।।

घोडा खोजी चढी आए भन्ने पत्र दिईकन ।।
पछेडिएकाहरूलाई हामी फेरी अघि बढयौं ।।३८।।

भयो विपत्तिको वर्षा भिज्यौं हामी सबै जना ।।
भिजे वस्त्रहरू साह्रा छाता के थाम्न सक्दथ्यो ।।३९।।

रामवाडाबाट चार किमिमा थियो देवदेखनी ।।
त्यहाँबाट दर्शन भो केदारेश्वर मन्दिर ।।४०।।

पानी बर्सी रहेको थ्यो भिजेका थ्यौं सबै जना ।।
पुग्दा लक्ष्य नजीकैमा उत्रिई टेक्न लागदा ।।४१।।

खुट्टा नटेकिनेजस्तो रिंगाउँदछ भन्भन ।।
बोली स्पष्ट छदै छैन हातले टिपिदैन क्यै ।।४२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैलाई सास फेर्न गाह्रो पर्न भयो त्यहाँ ।।
पाईला सार्न सक्दैनन् समाती लग्नु पर्दछ ।।४३।।

करीब बाह्र हज्जार फीट अग्लो छ ठाउँ यो ।।
ठाउँ ऊँचो भिजेका छौं त्यसैले यो सबै भयो ।।४४।।

नसक्नेलाई समातेर सक्नेले अघि लाउँदै ।।
लग्यौं नेपाल भवन त्यहाँ मद्दत पाइयो ।।४५।।

दमचूला गोलवाली पायौं ओढ्ना भनेजति ।।
भिजेका वस्त्र खोलेर झोलाबाट नआ झिकी ।।४६।।

हेर्दा सबै भिजेका छन् छानी सेकाई लाइयो ।।
तर उमेरमा पाकाहरूको स्थिति हेरँदा ।।४७।।

ज्यादै गम्भीर देखिन्थ्यो तर हिम्मत दीकन ।।
न्यानो ताप दिई राख्दा स्थिति ता केहि सुध्रियो ।।४८।।

तर चिन्ता बढ्यो अर्को पदयात्रीहरू अझ ।।
आएनन् किन हो कुन्नि तर्क धेरै त्यहाँ उठ्यो ।।४९।।

आए केही बेरपछि आत्तिदै हड्बडाउँदै ।।
बूढा बाजे तिनी मध्ये गलेकाथे निकै बरा ।।५०।।

तंग्रिए बिचरा बाजे पाई सेवा र सुश्रुषा ।।
तर आरतीमा जाने गरेनन् कोहि हिम्मत ।।५१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालबाट आएका तीर्थयात्री बसौन् भनी ।।
चन्द्रशमशेर पालामा केदारनगरीमहाँ ।।५२।।

बनेको धर्मशाला यो रहेछ अति सुन्दर ।।
वरीपरी ठूला कोठा बीचमा हल सुन्दर ।।५३।।

धारा शौचालयहरू पर्याप्त कपडा तर ।।
खोल तन्ना भए सुनमा सुगन्ध थपिने थियो ।।५४।।

कमी अल्लि सफाईको नत्र ता अरू वेश छ ।।
बस्ने प्रबन्ध राम्रो छ नेपालीको विशेषतः ।।५५।।

विछ्यौनैमा लियौं खाना पुरी तरकारि भेटियो ।।
सबै असक्त जस्ता थ्यौ सुतेरै प्रभु संझियो ।।५६।।

तर बिहानै उठ्दा त थियो आकाश निर्मल ।।
हिमाल नाकै ठोक्ला झैं दृश्य थ्यो अति सुन्दर ।।५७

चङ्गा भयो मन सबै हिजोको दुःख बिर्सियो ।।
जाग्यो भक्ति सबैभित्र देखी केदार मन्दिर ।।५८।।

नेपाली पण्डा बोलाई पहिले श्राद्ध तर्पण ।।
हंस कुण्ड किनारामा गरियो भक्तिपूर्वक ।।५९।।

अनि मन्दिरमा भित्र्यौं पूजा सामान ली कन ।।
विधिपूर्वक पूजा भो वेदका मन्त्रले त्यहाँ ।।६०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढोग्यौं आलिङ्गन गर्‍यौं मूर्तिको भक्ति भावले ।।
थिएन भीड त्यस्तो क्यै राम्रो दर्शन पाइयो ।।६१।।

'पञ्च केदार' भन्नाले केदार, तुंगनाथ र ।।
कल्पेश्वर, रुद्रनाथ बुझ मध्यमहेश्वर ।।६२।।

गोत्रको वधको पाप प्रायश्चित्त गर्‍यौं भनी ।।
अघि पाण्डव आए थे केदारेश्वर पूजन ।।६३।।

प्रभुले भैंसीको रूप लिई भागन खोजँदा ।।
उनको प्रार्थनाबाट प्रभु सन्तुष्ट भैंकन ।।६४।।

त्यहीं रहनु भो ईश पछिल्लो भैंसीको धड ।।
रूप ली त्यसले यो हो ज्योतिर्लिङ्ग स्वयंभूको ।।६५।।

यसै नजीकमा पर्छ हंसकुण्ड जहाँ गई ।।
श्राद्ध तर्पण गर्नाले सबैका पितृ तर्दछन् ।।६६।।

रेतस् कुण्ड नजीकै छ त्यसको जलपानले ।।
शिवरूप भई हिंड्छन् मनुष्यहरू निश्चय ।।६७।।

धेरै पुराणहरूमा माहात्म्यहरू वर्णित ।।
केदारको सरो छैन अरूको, यो महान छ ।।६८।।

जाडोमा हिउँ पर्नाले केदारेश्वर मन्दिर ।।
जब बन्द गरी छाड्छन् सधै दीपावलीतिर ।।६९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री केदारेश्वरको पूजा ओंकारेश्वर मन्दिर ।।
उखी मठमहाँ हुन्छ जेठमा फेरि खुल्दछ ।।७०।।

केदारेश्वरको पूजा आजा त्याहाँ सकीकन ।।
फोटो खिचायौं सबले प्रसादहरू ल्यौं किन्यौं ।।७१।।

धन्यवाद दिंदै सबलाई रातिको सहयोगमा ।।
त्यहाँबाट हिंड्यौं हामी यस्तै ग्यारह बजेतिर ।।७२।।

घाम लागी रहेको थ्यो वातावरण सुन्दर ।।
मन्दाकिनी किनारामा फूल नानाथरी थिए ।।७३।।

झर्ना डाँडाँहरूबाट सयौं फीट खसी खसी ।।
मुटु छुने दृश्यहरू घर संझाउदै थिए ।।७४।।

बीचको रामवाडामा स्वादिष्ट लिई भोजन ।।
करिब २ बजेको थ्यो गौरीको कुण्ड वर्लंदा ।।७५।।

वसपर्खी रहेकोथ्यो घोडाकुण्डी (ओलिङ्काठ) विदागन्यौं।।
सबै सामान वटुली जय केदारको गरी ।।७६।।

हिंड्यौं बस चढी हामी मन्दाकिनी किनार ली ।।
रूद्रप्रयाग पुगियो राती केही अबेर भो ।।७७।।

बिग्रदा बसको वत्ती तर बास् वेस भेटियो ।।
बस्यौं बास त्यहाँ फेरि निगमकै अतिथिगृह ।।७८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाना खुवाए स्वादिष्ट त्यही भोजन कक्षमा ॥
यौटै हल लियौं भाडा थियो त्यो अति सुन्दर ॥७९॥

सुविस्ताले सुत्यौ राति विहानीपख जागियो ॥
गंगास्नान गरी त्याँहा खानपीन गरीकन ॥८०॥

हिंडियो बद्रीको बाटो अलक् नन्दा किनारली ॥
चमोली र गरुड् गंगा पीपल्कोटी हुँदै अघि ॥८१॥

बढेका थ्यौं त्यहाँ पैरो जानाले गति रोकियो ॥
लाग्यो त्यहाँ दुईघन्टा बद्री पुग्ने कुरा टन्यो ॥८२॥

बाटो खुली अघि बढ्दा जोशीमठ भने पुग्यौं ॥
निगम् कै धर्मशालामा बस्यौं बास त्यहाँ पनि ॥८३॥

भदौ बीस गते प्रातः त्यहाँबाट अघि बढयौं ॥
चार कि. मि. तलझरी धौली गंगा तरीकन ॥८४॥

बिष्णुप्रयागको बाटो गोविन्द घाटमा पुग्यौं ॥
विशाल गुरुद्वारा छ शीख धर्मावलम्वीको ॥८५॥

यहीँबाट उनीहरुः पदयात्रा गरीकन ॥
अलक्नन्दा पार तरी जाँदछन् हेमकुण्डमा ॥८६॥

हाम्रो बद्री सरी तीर्थ साह्रै नै मान्दछन् उनी ॥
पंजावीहरुको भीड खचाखच त्यहाँ थियो ॥८७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देव रूद्र कर्ण नन्द बिष्णु पाँच प्रयाग छन् ।।
इनमा स्नान गर्नलि मनुष्य मोक्ष पाँउछन् ।।८८।।

पहिलोमा अलक्नन्दा – भागीरथी समागम ।।
मन्दाकिनी अलक्नन्दा दोश्रोमा हुन्छ संगम ।।८९।।

अलक्नन्दा पिंदार् गङ्गा तेश्रोमा हुन्छ संगम ।।
अलक्नन्दा – नन्द गंगा चौथोमा एक बन्दछन् ।।९०।।

धौली- अलकनन्दाको पाँचौमा हुन्छ संगम ।।
यसरी गरियो याँहा प्रयाग पंच वर्णन ।।९१।।

पाण्डुकेश्वरको बाटो हनुमान्चट्टी भै कन ।।
वद्रीकाश्रम नगरी हामी मध्यान्हमा पुग्यौं ।।९२।।

वद्रीनाथ पुरी राम्रो अलक्नन्दा किनारमा ।।
हिमाच्छादित छन् टुप्पा नर्नारायण पर्वत ।।९३।।

वजार भरिएको छ तीर्थयात्री, थरी थरी ।।
भाषा भिन्दै भेष भिन्दै रूप रंग अनेक छ ।।९४।।

तर भित्री हृदयमा प्रभुको भक्ति एक छ ।।
घन्किएको स्वर थियो जय वद्री विशालको ।।९५।।

बसबाट उत्रिएर सामान सव लीकन ।।
प्रभुको नगरी जान, हामी तत्पर भै हिड्यौं ।।९६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तरी गंगापुल तहाँ वद्री मन्दिर छेउमा ।।
आन्ध्र भवनमा वस्ने गरी कोठा सिलाइयो ।।९७।।

नेपाली धर्मशाला थ्यो अगाडी तर त्यो थियो ।।
वूढो भग्न टीठ लाग्दो काम लाग्ने कहाँ थियो ।।९८।।

यस्का समस्या के के हुन् सुधार कसरी हुने ।।
केदारमा झै किन हो यहाँ यो न बनाइने ।।९९।।

यसमा सरकारले राम्रो दिए ध्यान हुने थियो ।।
यस्तो ठूलो तीर्थ यहाँ धर्मशाला वनाइयोस् ।।१००।।

तप्त कुण्ड नुहाएर वद्रीको गरी दर्शन ।।
सन्तुष्टिको सास फेर्यौं हामीले पहिलो दिन ।।१०१।।

वद्री मन्दिर थ्यो रम्य द्वार भित्र पसेपछि ।।
पाषाणले बनेको थ्यो भिन्दै मन्दिर सुन्दर ।।१०२।।

पद्मासन ध्यानमग्न कालो पाषाणको थियो ।।
मुख्यमूर्ति चतुर्वाहु स्वयं प्रकट बिष्णुको ।।१०३।।

ललाटमा थियो हीरा चम्कने अति सुन्दर ।।
अगल् वगलमा त्याहा मूर्ति नारद् गणेशको ।।१०४।।

सुशोभित रहेकोथ्यो नर्नारायण उद्धव ।।
वद्री पंचायतनले चिनिने पाँच देव हुन् ।।१०५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बद्री धाममा नेपाली धर्मशाला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिक्रमामा हनुमान्, गणेश अनि लक्ष्मीको ।।
धारा कर्णहरूका छन् त्याँहा मन्दिर सुन्दर ।।१०६।।

पूजा नित्य त्यहाँ हुन्छ बेला बेला थरी थरी ।।
शास्त्रोक्त विधिले विद्वान् पुजारीहरूले सदा ।।१०७।।

त्यहाँ मूलद्वारमहाँ श्रीमद्भागवती कथा ।।
वद्री माहात्म्यको यौटा कुदिएको थियो त्यहाँ ।।१०८।।

त्यस्को प्रसंग खोलेर अलि बिस्तारपूर्वक ।।
श्री कृष्णले वताएको तल गर्दछु वर्णन ।।१०९।।

अधि त्रेता युगमहाँ विप्रशाप परीकन ।।
कृष्ण आफ्नो धाम जाने बुझी आशय उद्धव ।।११०।।

आफुलाई सँगै लग्ने गर्न लागे निवेदन ।।
उपदेश दिदै धेर भक्तका उपकारको ।।१११।।

कृष्णले भन्नु भाको थ्यो वद्री माहात्म्य उत्तम ।।
भागवत्को ग्यारह स्कन्ध अध्याय उनन्तीस हो ।।११२।।

त्यही वताउदै छु म अनुवाद गरीकन ।।
"हे उद्धव ! तिमी जाउ मेरो आज्ञा छ आज नै।।११३।।

प्यारो वद्री आश्रमका मेरो चरण पकज ।।
धुने अलकनन्दाको खाली दर्शनमात्रले ।।११४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै पाप पखालीन्छन् त्यहाँ गइ तिमी वस ।।
त्यहाँ गंगा स्नान गरी पहिरी वृक्षवल्कल ।।११५।।

कन्दमूलहरू खाई सेरो भक्ति गरिकन ।।
शान्तिले दिन वित्नेछन् रोज जीवनका त्यहाँ ।।११६।।

अन्तमा मिल्न सक्ने छौ परमार्थ स्वरूपमा ।।
प्रकृतिले तताएको जलले परिपूरित ।।११७।।

तत्पकुण्ड रहेको छ तल गंगा किनारमा ।।
त्यही नारद वाराह मार्कन्डेय गरूड र ।।११८।।

नृसिंहको पंचशीला पवित्र कुन्ड माथि छ ।।
श्राद्धतर्पण गर्नेले त्यही ब्रह्मकपालमा ।।११९।।

पितृलाई पिण्ड दिन्छन् अनि देवत्व पाँउछन् ।।
वद्रीवाट आठ कि.मि. वसुधारा प्रयपात छ ।।१२०।।

अलकनन्दा उद्गमस्थल धेरै महत्व राख्दछ ।।
तर त्याँहा जानलाई पूर्व स्वीकृति चाहिने ।।१२१।।

नेपालीहरूका लागि हाल जान न पाइने ।।
मातामूर्ति भीमशिला सतोपन्थहरू त्यहाँ ।।१२२।।

दर्शनीय स्थल थिए विदेशीहरू वर्जित ।।
दोश्रो दिन हामीमध्ये झवाली परिवारले ।।१२३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलकनन्दा किनारमा हाम्रो तीर्थ यात्रा(८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



बद्रीनाथ मन्दिरको मूलद्वारगा हाम्रो तिर्थयात्री दल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभिषेक पूजा गर्ने पाए सौभाग्य भाग्यले ।।
प्रभुलाई स्नानदेखि पूजा शृंगार भोगको ।।१२४।।

दृश्य हेरी नयन यी कृतकृत्य भए भए ।।
प्रभु दर्शन पाएर प्रसादहरू लीकन ।।१२५।।

सबै गद्गद भै खाँयौ महाभोग प्रसाद् पनि ।।
आचार्य दम्पती भक्त चढाए लक्ष्य वीतका ।।१२६।।

साँझ वद्रीचरणमा गङ्गामा गरी अर्पण ।।
वलेका वत्ति वोकेर पुगी गंगा किनारमा ।।१२७।।

सबैले भक्तिले पालै पालो गरी चलाउदै ।।
भश्म पाऱ्यौं सबै वत्ती एक एक जलाँउदै ।।१२८।।

माता अलकनन्दामा सेलायौं भक्तिपूर्वक ।।
अर्को दिन विहानैमा वास्कोटा परिवारले ।।१२९।।

वद्री मन्दिरमा पूजा अभिषेक चढाइयो ।।
दिउसो हामीमध्येमा केही उत्तर लागियो ।।१३०।।

भीम ढुंगा व्यासगुफा मातामन्दिर हेरन ।।
वाटो तेर्सो पाँच कि. मि. सहजै गइ पैदल ।।१३१।।

माता मन्दिर हेरेर सरस्वती तरीकन ।।
भीम ढुंगा व्यास गुफा वसुधारा पुगौं भनी ।।१३२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेक पोस्ट गई बुझ्दा पाएनौ स्वीकृति तर ॥
टाढैबाट सूक्ष्मदर्शन् तीनैको गरी फर्कियो ॥१३३॥

साँझ फेरी लाखवत्ती सबैले मिली वालियो ॥
सेलायौं भक्तिले उस्तै तल गंगा किनारमा ॥१३४॥

किन्यौ जम्मा गन्यौ धेरै प्रसाद घर फर्कन ॥
तीन रात विताएर वद्री नगरीमा तव ॥१३५॥

भदौ तेइसमा पर्क्यौं घरतर्फ सरासर ॥
आदिबद्री रानीखेत बृद्धबद्री अनीमठ ॥१३६॥

भविष्यबद्री जोशीमठ् तपोवन नजीक छ ॥
योगबद्री पाण्डुकेश्वर् मुख्य बद्री इनै प्रभु ॥१३७॥

पंचबद्री इनै पाँच शोचेर बन्दनागर
बद्री मन्दिरको द्वार वन्ध दीपावली तिर ॥१३८॥

अक्षय्य तृतीयामा त्यो पूजार्थ फेरि खुल्दछ ॥
जाडोमा बद्रीको पूजा जोशीमठ नजीकमा ॥१३९॥

आदिबद्री मन्दिरमा गरिन्छ विधिपूर्वक ॥
श्रीनगरमा भयो बास पर्कदा पहिलो दिन ॥१४०॥

दोश्रो दिन हरिद्वार संन्यासाश्रम फर्कियो ॥
भदौ पच्चीस् गते ताहा तीर्थ होम गराइयो ॥१४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



ब्रह्म कपालमा पिण्डदान दिँदै हाम्रो तीर्थयात्रादल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्यो समय ज्यादै नै कोही वेरामी भैकन ।।
पितृपक्ष नजीकै भो आँट हिम्मत कम् भयो ।।१४२।।

त्यसैले गरी सल्लाह घर पर्यौं छिटो भनी ।।
गंगोत्री जमुनोत्रीको कार्यक्रम घटाइयो ।।१४३।।

रेलमा वर्थको निम्ति एकदिन् कुरनुपऱ्यो ।।
त्यसैले निक्लियौं घुम्न ऋषीकेश झुलाहरू ।।१४४।।

भारत्माता भवनमा गरियो मूर्ति दर्शन ।।
दर्शनीय स्थलहरू हरिद्वार वरीपरी ।।१४५।।

अधिकांश घुमी फर्क्यौं संन्यासाश्रम आखिर ।।
नेपाली स्वादको खाना बाटोमा न हुने हुदा ।।१४६।।

न्यास्त्रिएका थियौ हामी त्यहा सामान लीकन ।।
घरमा झै बन्यो खाना खाँयौ सन्तुष्टिपूर्वक ।।१४७।।

त्यहा आश्रममा सबै कर्मचारी महन्तले ।।
दिए आत्मीय सद्भाव घरै बिर्साउनेगरी ।।१४८।।

गंगाजल कीनमेल सबैकाम सकीकन ।।
हरिद्वारबाट बिदा सत्ताइस गते भयौ ।।१४९।।

कोही काशी हुदै फर्क्यौं कोही नेपालगंज भै ।।
स्वदेश मनमा किन्तु बद्री केदार संझदै ।।१५०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारतीय तीर्थ गर्दा देखिए सुविधा जति ॥
यातायात, घाटहरू, पण्डाको जो प्रबन्ध छ ।।१५१।।
खाने बस्ने धर्मशाला पूजाका प्रक्रियाहरू ॥
लाखौंको रोजगारी छ कडौरौं आय आउने ।।१५२।।
दुराचार घटाएर सदाचार बढाउने ॥
सनातन हिन्दु धर्म प्रति निष्ठा जगाउने ।।१५३।।
दोकानहरूको भीड प्रसाद ती थरीथरी ॥
समष्टिमा हेरी राख्दा तीर्थस्थल विकासले ।।१५४।।
अनेकतामा देखिन्छ एकता अति सुन्दर ॥
आर्थिक दृष्टिले हेरे पनि यो लाभदायक ।।१५५।।
हाम्रा नेपालका तीर्थ पनि यस्तै प्रकारले ॥
सके विकास गरन कस्तो जाति हुने थियो ।।१५६।।
मुक्तिनाथ लुम्बिनी र स्वर्गद्वारी जनकपुर ॥
गोसाँईकुण्ड वाराह रीडी पशुपति अनि ।।१५७।।
स्वयंभू देवघाट् आदि नेपाल तीर्थको धनी ॥
सके विकास गरन इन्ले नेपाली मात्रको ।।१५८।।
चउतर्फी भलो गर्थे नेपाल अधि बढ्दथ्यो ॥
समृद्ध हुन्थ्यो नेपाली समाज सुध्रने थियो ।।१५९।।
सरकारको बुद्धि जागे त्यसरी काम थालिए ॥
फुल्ने फल्ने थियो देश 'धर्मो रक्षति रक्षितः' ।।१७०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वद्रीनाथ स्तुति

पवनमन्द सुगन्ध शीतल हेममन्दिर छन् सुशोभित ।।
नजीकै गंगा वग्छिन् निर्मल श्री वद्रीनाथ हुन् विश्वम्भर ।।
शेष संस्मरण गर्छन् निशदिन ध्यान गर्छन् महेश्वर ।।
वेद ब्रह्मा स्तुति गर्छन् श्री वद्रीनाथ हुन् विश्वम्भर ।।
शक्ति गौरी गणेश चन्द्र नारदमुनि गरी उच्चारण ।।
योग ध्यान अपार लीला श्री वद्रीनाथ हुन् विश्वभर ।।
इन्द्र चन्द्र कुवेर दिनकर धूपदीपले छन् प्रकाशित ।।
सिद्ध मुनिजन गर्छन् जय जय श्री वद्रीनाथ हुन् विश्वभर ।।
यक्ष किन्नर गर्छन् कौतुक ज्ञानगन्धर्वले छन् प्रकाशित ।।
लक्ष्मी कमला चमर हम्कने श्री वद्रीनाथ हुन् विश्वभर ।।
श्री वद्रीनाथको स्तुति पढेमा पाप हुन्छ विनाशन ।।
कोटी तीर्थसरी पुण्य मिल्छ यस्तो यो तीर्थ छ फलदायक ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केदारनाथ स्तुति

रचित पाण्डव रूचिर मन्दिर गिरी हिमालय शोभितम् ॥
नजीक मन्दाकिनी वग्छिन् निर्मल केदारनाथ महेश्वरम् ॥
भक्तजन उद्धारकारण गिरि हिमालय उद्भवम् ॥
लिंग ज्योतिर्लिङ्ग नाम केदारनाथ महेश्वरम् ॥
पवन शीतल मन्द निर्मल हर्दछन् मुनिजन मानसम् ॥
लीन भै आनन्द हुन्छ मन केदारनाथ महेश्वरम् ॥
जयति जय केदार हर शिव गर्छन् जयध्वनि देवतम् ॥
वस्छन् तेत्तीस कोटी देवता केदारनाथ महेश्वरम् ॥
तीर्थ स्वर्गारोहिणी अनि मुक्तिदान महापथम् ॥
मोक्ष दियौ पाण्डवलाई केदारनाथ महेश्वरम् ॥
विषुवतीदेखि हुन्छ पूजा कार्तिक यमद्वितीयातक ॥
मुक्ति पाउछन् दर्शन गरी केदारनाथ महेश्वरम् ॥
स्तुति पढ्छन् जो विहान नित्य पाउछन् चार पदार्थ नै ॥
द्विज कुलानन्दको शरण शिवजी केदार नाथ महेश्वरम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री भगवानुवाच

गच्छोद्धव मकाऽऽदिष्टो बदर्याख्य ममाश्रमम् ।
तत्र मत्पादतीर्थेदि स्नानोपस्पर्शनैः शुचिः ॥४१॥
ईक्षयालकनन्दाया विधूताशेषकल्मषः ।
वसानो वल्कलान्यङ्ग वन्यभुक् सुखनिःस्पृह ॥४२॥
तितिक्षुर्द्वन्दमात्राणां सुशीलः संयतेन्द्रियः ।
शान्तः समाहितधिया ज्ञानविज्ञानसंयुतः ॥४३॥
मत्तोऽनुशिक्षितं यत्ते विविक्तमनुभावयन् ।
मय्यावेशितवाक्चित्तो मद्धर्मनिरतो भव ।
अतिव्रज्य गतीस्तिस्रो मामेष्यसि ततः परम् ॥४४॥

(श्रीमद्भागवत, स्कन्ध, ११, अध्याय २९)

मुद्रक : शारदा प्रेस, केलटोल, फो. नं. २-१४८३४
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu